आज मिति २०७८ असोज ६ गते दिउँसो ११ बजे मनहरी गाउँपालिका अन्तर्गत गठीत स्थानीय राजस्व परामर्श समितिको बैठक समिति संयोजक श्री मनिला विष्ट ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

श्री मनिला विष्ट ( गाउँपालीका उपाध्यक्ष) - संयोजक

श्री पम्फा रोक्का (कार्यपालिका सदस्य) - सदस्य

श्री नारायण सुवेदी (म.उ.बा. संघ पश्चिम क्षेत्र प्रतिनिधी) - सदस्य

श्री रामप्रसाद शर्मा (प्रमुख प्रशासकीय अधिकृत) - सदस्य

श्री संगिता अधिकारी (लेखा अधिकृत) - सदस्य सचिव

आमन्त्रित

श्री एकराज उप्रेती (गाउँपालीका अध्यक्ष) - विशेष उपस्थिति

श्री विष्णु बहादुर थिङ (वडा नं ३ अध्यक्ष) - आमन्त्रित सदस्य

प्रस्तावहरु

१. नदिजन्य पदार्थ चोरी निकासी जरीवाना दर निर्धारणको सिफारिस सम्बन्धमा ।
२. चोरि निकासि नियन्त्रणका लागि अनुगमनलाई तिब्रता दिने सम्बन्धमा ।
३. अवैधानिक रुपमा थुपारिएका डम्पिङ्ग पुन नापजाँच गर्ने सम्बन्धमा ।

निर्णयहरु.

१. प्रस्ताव नं १ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्रका क्रशर उद्योग तथा व्यवसायिक प्रयोजनले थुपारिएका नदिजन्य पदार्थहरुको चोरी निकासी भइरहेको भनी बुझिएको तर जिल्ला स्तरिय ढुङ्गा गिट्टी बालुवा अनुगमन समितिले स्टक प्रमाणिकरण नगर्दा सम्म नदिजन्य पदार्थ विक्री वितरण कार्यमा रोक लगाएकोले सो अनुसार स्टक प्रमाणित नभए सम्मका लागि चोरी निकासी नियन्त्रण गर्न देहाय बमोजिमको जरिवाना

तोक्न सिफारिस गर्ने । जरिवाना संकलन कार्यका लागि कार्यालयका कर्मचारीहरु का.सहयोगी राजेन्द्र क्षेत्री, कर संकलक सरोज मुक्तान र ह.स.चालक श्याम थापालाई खटाउन सिफारिस गर्ने ।

जरिवाना तोक्ने आधार

- विक्रि शुल्क प्रति घन फिट रु ९ (प्रदेश आर्थिक ऐनले तोकेको विक्रि शुल्क)
- उत्खनन शुल्क प्रति घन फिट रु ०.६४ पैसा, शुन्यान्त गर्दा रु १ हुने (गाउँ सभाले तोकेको उत्खनन शुल्कलाई घन फिट अनुसार हुने रकम)

माथि उल्लेखित विक्रि शुल्क र उत्खनन शुल्क लाई आधार लिई न्युनतम जरिवाना प्रति घन फिट रु १० कायम गर्ने । उक्त रकममा मु.अ.कर थप गरी पहिलो पटकको हकमा प्रति घन फिट रु १० जरिवाना लिने र दोहोरिएको हकमा सोहि रकममा शत प्रतिशत थप गरी जरिवाना लिदैं जाने गरी सिफारिस गर्न निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा गाउँपालिका भित्र व्यापक रुपमा नदिजन्य पदार्थ चोरी निकासी भएको भनी विभिन्न माध्यमबाट जानकारी हुन आएको हुँदा चोरी निकासी रोक्नको लागि सरोकारवालाहरु, स्थानिय संचार कर्मी, प्रहरी प्रशासन, स्थानिय युवा समुदाय, जनस्तर संग समन्वय गर्दै अनुगमनतालाई तिब्रता दिने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिका अन्तर्गत विभिन्न ठाउँमा थुपारीएको अवस्थामा रहेका वेवारिसे नदिजन्य पदार्थ वडा स्तरिय अनुगमन समितिको रोहवरमा गा.पा.को प्राविधिक समितिबाट पुन नापजाँच गर्ने र राजश्व परामर्श समिति बाट अनुगमन गरी प्रतिवेदन तयार गर्न सिफारिस गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मतीले पारित गरी बैठक सम्पन्न गरियो ।